# पूर्वाञ्चल विश्वविद्यालय
## गोठगाउँ, मोरङ

स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरूको

## प्रवेश-परीक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना :

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि र इन्जिनियरीङ्ग संकाय अन्तर्गतका सम्पूर्ण आंगिक एवम् सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूमा संचालित **स्नातकोत्तर तहका** **Master of Computer Application (MCA), M. Sc. in Information System Engineering, M. Sc. in Engineering Management, Master of Information Technology (MIT), Master of Engineering in Earthquake, M. Sc. in Urban Design & Conservation, M. Sc. Nutrition & Dietetics, M. Sc. in Agriculture (Agri-business Management)** एवम् **M. Sc. Meat Technology** शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०७७/०७८ का लागि नयाँ विद्यार्थी भर्ना सम्बन्धी प्रवेश परीक्षा संचालन हुने भएकोले भर्ना हुन चाहने इच्छुक परीक्षार्थीहरूले "पू. वि. प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी विनियमावली २०७७" को मापदण्ड भित्र रहेर सम्बन्धित शैक्षिक संस्थामा आवेदन फाराम भरी बुझाउन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१) **प्रवेश परीक्षा शुल्कः** रू. २,०००/- (दुई हजार मात्र)

२) **प्रवेश परीक्षा फाराम भर्ने/भराउने ब्यवस्था :-**

क. इच्छुक आवेदक परीक्षार्थीहरूले आफू भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजमा मिति २०७८/०५/११ गते शुक्रबार साझ ५ बजे भित्र र दोब्बर दस्तुर सहित मिति २०७८/०५/१८ गते साँझ ५ बजे भित्र बुंदा नं. १ अनुसारको विश्वविद्यालयद्वारा निर्धारित शुल्क सहित आवश्यक कागजातहरू समावेश गरी आवेदन फाराम भरी सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा बुझाइसक्नु पर्नेछ ।

ख. सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरूले मिति २०७८/०५/१३ गते आइतवार दिनको ४ बजे भित्र आवेदित परीक्षार्थीहरूको आवेदन फाराम, आवेदन फाराम साथ परीक्षार्थीहरूले बुझाएको शैक्षिक प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातहरूलाई प्रमाणित गरी आवेदकहरूको नामावली विवरण वर्णानुक्रममा (Alphabetical Order) तयार गरि स्पष्ट कुल प्राप्ताङ्क प्रतिशत वा CGPA वा GPA खुलाई सोको विवरण Pen drive वा C.D. मा राखी, नियमानुसारको फाराम शुल्क रकम नबिल बैंक विराटनगर शाखामा रहेको पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायको खाता नम्बर १२६०१०१७५०००७९ मा जम्मा गरेको सक्कल बैंक भौचर समेत समावेश गरी स्कूल/क्याम्पस/कलेजको आधिकारिक पत्र सहित पू. वि. विज्ञान तथा प्रविधि संकाय विराटनगरमा अनिवार्यरूपमा बुझाइ सक्नु पर्नेछ ।

साथै दोब्बर दस्तुर वापत बुझाएका फारामहरू सम्बन्धित शैक्षिक संस्थाले मिति २०७८/०५/२० गते आइतवार दिनको ४ बजे भित्र एकमुष्ठ रकम बैंक जम्मा गरेको सक्कल भौचर पूवि. विज्ञान तथा प्रविधि संकाय विराटनगरमा आइपुग्ने गरी अनिवार्य बुझाइ सक्नु पर्नेछ । साथै बैंक भौचर र परीक्षार्थीको संख्या फरक पाइएमा उक्त फाराम लिन विश्वविद्यालय बाध्य हुने छैन ।

ग. रित नपुगी आएका, विश्वविद्यालयको निर्धारित प्रवेश परीक्षा सम्बन्धी शैक्षिक मापदण्ड पूरा नभएका एवं परीक्षार्थीहरूको संख्या र बैंक भौचर फरक भएका परीक्षार्थीहरूको आवेदन फाराम रद्द हुनेछ । यसरी फाराम रद्द भएमा सम्बन्धित आवेदक परीक्षार्थी र स्कूल/क्याम्पस/कलेज जिम्मेवार हुनेछन् ।

घ. आवेदन फारामको पछाडी पट्टी आवेदक परीक्षार्थीले पेश गरेको शैक्षिक प्रमाणपत्र लगायत अन्य आवश्यक कागजातहरू सिलसिलेवाररूपमा उल्लेख गरी आवेदकबाट हस्ताक्षर गराई स्कूल/क्याम्पस/कलेजले प्रमाणित गरी पठाउनु पर्ने छ । आवेदकले हस्ताक्षर नगरेका र प्रमाणित नभएका फारामहरू रद्द गरिनेछ । फाराम रद्द भएमा सम्बन्धित आवेदक परीक्षार्थी र स्कूल/क्याम्पस/कलेज जिम्मेवार हुनेछन् ।

ङ. **बैंक भाउचरहरू विद्यार्थीहरूलाई दिएको म्यादको मात्रै मान्य हुनेछ ।**

३) **छात्रवृत्ति र सो सम्बन्धी व्यबस्था :-**

पू. वि. छात्रवृत्ति सम्बन्धी व्यवस्था २०७५ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने प्रदान गर्ने प्रावधान रहेको हुँदा स्कूल/क्याम्पस/कलेजले आवेदक परीक्षार्थीहरूलाई फाराम भराउँदा निम्नानुसार गर्नु/गराउनु पर्नेछ ।

क. प्रत्येक स्कूल/क्याम्पस/कलेजले छात्रवृति अन्तर्गत प्रवेश परीक्षाको आवेदन फाराम वितरण र संकलन गर्ने कार्यका लागि एउटा छुट्टै छात्रवृत्ति सेल (इकाई) को ब्यवस्था गर्नु पर्नेछ ।

ख. छात्रवृत्तिमा आवेदन गर्न चाहने परीक्षार्थीहरूले आवेदन गर्न चाहेको स्कूल/क्याम्पस/कलेजमा उपस्थित भई छात्रवृतिका लागि निर्धारित निलो रंगको आवेदन फाराम भरी विश्वविद्यालयद्वारा छात्रवृतिका लागि निर्धारित मापदण्ड अनुसारका सम्पूर्ण शैक्षिक प्रमाणपत्र लगायतका आवश्यक कागजातहरूको सक्कल प्रति संलग्न गरी सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा बुझाउनु पर्नेछ ।

ग. सम्बन्धित स्कूल/क्याम्पस/कलेजले छात्रवृत्तिका लागि नियमानुसार आवेदन फाराम भरी बुझाएका आवेदित परीक्षार्थीहरूको छुट्टै विवरण, आवेदन फाराम, आवेदन फारामसँगै सम्बन्धित परीक्षार्थीहरूले बुझाएका आवश्यक शैक्षिक प्रमाणपत्र एवम् अन्य कागजातहरूको सक्कल प्रति अध्ययन गरी स्कूल/क्याम्पस/कलेजबाटै प्रमाणित गरी सोको विवरण बर्णानुक्रम (Alphabetical order) मा तयार गरी शैक्षिक प्रमाण पत्रहरूको स्पष्ट कुल प्राप्तांक, प्रतिशत खुलेको Pen drive वा C.D. मा राखी र नियमानुसारको शुल्क रकम जम्मा गरी सो को सक्कल बैंक भौचर सहित स्कूल/क्याम्पस/कलेजको आधिकारिक पत्र साथ बुझाउनु पर्नेछ ।

४) प्रवेश परीक्षाको मिति, समय र केन्द्र तथा अन्य जानकारी पछि प्रकाशित गरिनेछ ।

५) प्रत्येक शैक्षिक कार्यक्रमका लागि "पू. वि. प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी विनियमावली २०७७" मा शैक्षिक योग्यता निर्धारण गरिएको छ । सोही मापदण्ड अनुसार गर्न/गराउनका साथै, प्रवेश परीक्षा सम्बन्धी थप जानकारीका लागि भर्ना हुन चाहनेले सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा सम्पर्क राख्न सम्बन्धित सबैमा सूचित गरिन्छ ।

६) विश्वविद्यालयवाट स्वीकृत शैक्षिक कार्यक्रममा मात्र आवेदन फाराम भर्न/भराउन सम्बन्धित सबैलाई जानकारी गरिन्छ ।